# ताँजाकोट गाउँपालिका

# स्थानीय राजपत्र

## ताँजाकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्ड: ८ संख्या: १ मिति: २०८२।१२।२०

## भाग-२

## ताँजाकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम ताँजाकोट गाउँ कार्यपालिकाको १८ औं बैठकले **"विपन्न तथा जेहेन्दार विधार्थीको लागि छात्रवृत्ति सहयोग कार्यविधि, २०८२"** स्वीकृत गरेको छ।

आज्ञाले,

नर रावत

प्रमुख प्रशासकीय अधिकृत

# विपन्न तथा जेहेन्दार विधार्थीको लागि छात्रवृत्ति सहयोग कार्यविधि, २०८२

---

## प्रस्तावनाः

ताँजाकोट गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने आर्थिक रूपमा विपन्न, गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई विपन्न तथा जेहेन्दार विधार्थीको लागि गर्न प्रोत्साहन तथा सहयोग पुऱ्याउने उद्देश्यले ताँजाकोट गाउँपालिकाको आर्थिक वर्ष **२०८२/०८३** को वार्षिक नीति तथा कार्यक्रममा व्यवस्था भए अनुसार विनियोजित बजेटबाट छात्रवृत्ति प्रदान गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावना अनुसार यो **"विपन्न तथा जेहेन्दार विधार्थीको लागि छात्रवृत्ति सहयोग कार्यविधि, २०८२"** तयार गरी लागू गरिएको छ ।

---

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"विपन्न तथा जेहेन्दार विधार्थीको लागि छात्रवृत्ति सहयोग कार्यविधि, २०८२"** रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. कार्यक्षेत्र**

यो कार्यविधि ताँजाकोट गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने विद्यार्थीहरूका लागि लागू हुनेछ ।

**३. परिभाषा**

यस कार्यविधिमा,

(क) **गाउँपालिका** भन्नाले ताँजाकोट गाउँपालिका बुझिन्छ ।

(ख) **छात्रवृत्ति** भन्नाले विपन्न तथा जेहेन्दार विधार्थीको लागिका लागि प्रदान गरिने आर्थिक सहयोग हो ।

(ग) **विपन्न विद्यार्थी** भन्नाले आर्थिक अवस्था कमजोर भएका विद्यार्थी बुझिन्छ ।

(घ) **जेहेन्दार विद्यार्थी** भन्नाले शैक्षिक रूपमा उत्कृष्ट नतिजा प्राप्त विद्यार्थी बुझिन्छ ।

---

# परिच्छेद–२
# उद्देश्य

### ४. उद्देश्य

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछन :

(१) आर्थिक रूपमा कमजोर विद्यार्थीलाई विपन्न तथा जेहेन्दार विधार्थीको लागिमा सहयोग गर्नु ।

(२) जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्नु ।

(३) गाउँपालिकाबाट दक्ष जनशक्ति उत्पादन गर्नु ।

(४) शिक्षा क्षेत्रमा समान अवसर सुनिश्चित गर्नु ।

---

# परिच्छेद–३
# बजेट तथा छात्रवृत्ति रकम

### ५. बजेट व्यवस्था

(१) ताँजाकोट गाउँपालिकाले चालु आ व मा विपन्न तथा जेहेन्दार विधार्थीको लागिका लागि विनियोजन गरिएको वजेट बमोजिम हुनेछ ।

### ६. छात्रवृत्ति रकम निर्धारण

(१) छात्रवृत्ति रकम विद्यार्थीको आर्थिक अवस्था, शैक्षिक उपलब्धि तथा अन्य मापदण्डका आधारमा निर्धारण गरिनेछ।

(२) प्रति विद्यार्थी प्रदान गरिने छात्रवृत्ति रकम:

- **न्यूनतम : रु १५,०००**
- **अधिकतम : रु ३०,०००**

(३) छात्रवृत्ति रकम छनोट समितिको निर्णय अनुसार वितरण गरिनेछ।

---

# परिच्छेद–४
# छात्रवृत्ति प्राप्त गर्ने योग्यता

### ७. योग्यता

छात्रवृत्ति प्राप्त गर्न देहायका शर्तहरू पूरा गरेको हुनुपर्नेछ:

(१) ताँजाकोट गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

(२)  एस इ इ , +२ वा सो सरह परीक्षा उत्तीर्ण गरी  अध्ययन गरिरहेको हुनुपर्नेछ ।

(३) नेपालभित्रको मान्यता प्राप्त कलेज वा विश्वविद्यालयमा अध्ययनरत हुनुपर्नेछ ।

(४) आर्थिक रूपमा विपन्न भएको प्रमाणित हुनुपर्ने।
(५) राम्रो शैक्षिक नतिजा भएको हुनुपर्ने।
(६) शिक्षक कर्मचारी जनप्रतिनिधिहरुका छोराछोरी नहुनुपर्ने।

---

# परिच्छेद–५
# छात्रवृत्तिमा छनोटका लागि सिफारिस

**८. छात्रवृत्तिमा  छनोटका लागि सिफारिस समिति**

छात्रवृत्ति वितरणका लागि कार्यपालिका समक्ष विद्यार्थीको नामावली सिफारिस गर्न देहाय बमोजिमको एक छात्रवृत्ति सिफारिस समिति रहनेछः

१. **प्रमुख प्रशासकिय अधिकृत** – संयोजक
२. **आर्थिक प्रशासन शाखा प्रमुख** – सदस्य
३. **शिक्षा शाखा प्रमुख** – सदस्य सचिव

**९. समितिको काम, कर्तव्य र अधिकार**

समितिको काम देहाय बमोजिम हुनेछ:
(१) छात्रवृत्ति सम्बन्धी सूचना प्रकाशन गर्ने।
(२) आवेदन संकलन तथा मूल्यांकन गर्ने।
(३) योग्य विद्यार्थी छनोटका लागि सिफारिस गर्ने।
(४) छात्रवृत्ति रकम निर्धारण गर्ने।

---

# परिच्छेद–६
# आवेदन प्रक्रिया

**१०. सूचना प्रकाशन**

(१) गाउँपालिकाले छात्रवृत्ति आवेदनका लागि कम्तीमा **१५ दिनको सार्वजनिक सूचना** प्रकाशित गर्नेछ।

**११. आवेदन पेश गर्ने**

(१) इच्छुक विद्यार्थीले तोकिएको ढाँचामा गाउँपालिकामा आवेदन दिनुपर्नेछ।

---

# परिच्छेद–७
# आवश्यक कागजात

**१२. आवेदनसँग संलग्न गर्नुपर्ने कागजात**

१. नेपाली नागरिकता वा जन्मदर्ताको  प्रतिलिपि

२. स्थायी बसोबास प्रमाण

३. एस इ इ , +२ वा सो सरहको उर्तिण गरेको शैक्षिक प्रमाणपत्र र अध्ययन गरिरहेको प्रमाणपत्र

४. कलेज/विश्वविद्यालयको भर्ना प्रमाणपत्र

५. वडा कार्यालयको सिफारिस पत्र

६. आर्थिक अवस्था सम्बन्धी प्रमाण

७. पासपोर्ट साइज फोटो

८ सहिद, वेपत्ता, घाइते, दन्दपिडित र अपाङ्गता खुल्ने प्रमाण पत्र

---

# परिच्छेद–८

# छात्रवृत्ति छनोट मापदण्ड

**१३. मूल्यांकनका आधार**

छात्रवृत्ति छनोट गर्दा देहायका आधारमा मूल्यांकन गरिनेछ:

१. **आर्थिक रुपमा विपन्न भएको**

२. **शैक्षिक नतिजा राम्रो भएको र प्राविधिक धारमा अध्ययन गर्नेको लागि विशेष प्राथमिकता**

३.  **दलित, महिला,  जनजाती र अपाङ्गता भएको**

४. **सहिद, वेपत्ता, घाइते र दन्दपिडितका छोराछोरी**

---

# परिच्छेद–९

# छात्रवृत्ति वितरण

**१४. वितरण प्रक्रिया**

(१) छनोट समितिको सिफारिस र गाउँकार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाले छात्रवृत्ति वितरण गर्नेछ ।

(२) रकम छनोट भएका विद्यार्थी **बैंक खातामा** पठाइनेछ  तर सम्वन्धित विधार्थीको खाता उपलब्ध नभएमा सम्वन्धित विधार्थीको आमा वा वुवाको खातामा पठाइनेछ ।

---

# परिच्छेद–१०

# अनुगमन तथा मूल्यांकन

**१५. अनुगमन**

गाउँपालिकाले छात्रवृत्ति प्राप्त विद्यार्थीको अध्ययन प्रगति अनुगमन गर्नेछ।

---

# परिच्छेद–११

# छात्रवृत्ति रद्द गर्न सकिने अवस्था

**१६. रद्द हुने अवस्था**

देहायका अवस्थामा छात्रवृत्ति रद्द गर्न सकिनेछ:

१. गलत विवरण पेश गरेमा

२. अध्ययन छाडेमा

३. अनुशासनहीन गतिविधि गरेमा

---

# परिच्छेद–१२

# विविध

**१७. संशोधन**

आवश्यकता अनुसार गाउँपालिकाले यस कार्यविधि संशोधन गर्न सक्नेछ।

**१८. बाधा अड्काउ फुकाउने अधिकार**

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा आएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

---

अनुसूची - १

(दफा १० को उपदफा (१) संग सम्बन्धित)

“विपन्न तथा जेहेन्दार विधार्थीको लागि छात्रवृत्ति सहयोग कार्यविधि, २०८२” बमोजिम छात्रवृत्ति वितरण सुचना

मितिः...............

**विषयः विपन्न तथा जेहेन्दार विधार्थीहरुका लागि छात्रवृतिको निवेदन पेश गर्ने सुचना सम्वन्धमा।**

श्री जो जससँग सम्वन्धित छ।

प्रस्तुत विषयमा यस ताँजाकोट गाउँपालिकाको **“विपन्न तथा जेहेन्दार विधार्थीको लागि छात्रवृत्ति सहयोग कार्यविधि, २०८२”** अनुसार चालु आ व २०८२।०८३ वाट विनियोजित छात्रवृति रकमवाट यस ताँजाकोट गाउँपालिकामा स्थायी रुपमा वसोवास भएका निर्धारित लक्षित समुहका विपन्न तथा जेहेन्दार विधार्थीहरुका लागि छात्रवृति रकम वितरण प्रयोजनार्थ यस गाउँपालिकाको स्विकृत विपन्न तथा जेहेन्दार विधार्थीहरुका लागि छात्रवृति सहयोग कार्यविधिको आधारमा सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिल बमोजिमको कागजातहरु सहित छात्रवृति आवेदन यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ।

..........................

प्रमुख प्रशासकिय अधिकृत

**तपशिलः**

(क) नागरिकता वा जन्मदर्ताको प्रतिलिपि

(ख) शैक्षिक प्रमाणपत्र

(ग) माथिल्लो तहको भर्ना प्रमाण पत्र

(घ) विद्यार्थी परिचयपत्रको प्रतिलिपि

(ङ) अघिल्लो वर्ष/सेमेस्टरको ग्रेडसिट

(च) वडा कार्यालयको आर्थिक/सामाजिक रुपले पछि परेको सिफारिस

(छ) अपाङ्गता परिचयपत्रको प्रतिलिपि

(ज) अन्य (कृपया अन्य कुनै प्रमाण भएमा ):

(झ) **“विपन्न तथा जेहेन्दार विधार्थीको लागि छात्रवृत्ति सहयोग कार्यविधि, २०८२”** को अनुसुचि २ को आवेदन फाराम

## अनुसूची - २

### (दफा ११ को उपदफा (१) संग सम्बन्धित)

"विपन्न तथा जेहेन्दार विधार्थीको लागि छात्रवृत्ति सहयोग कार्यविधि, २०८२" बमोजिम छात्रवृत्ति प्राप्त गर्न आवेदन फाराम

मिति: ...................

१. आवेदकको विवरण:

(क) नाम (विद्यार्थीको): ......................................................................

(ख) जन्म मिति: .................................. उमेर: .................. लिङ्ग: ..................

(ग) बुबाको नाम: .................................. आमाको नाम: ..................................

(घ) स्थायी ठेगाना: गाउँ/सहर: ........................ वडा नं: ......... टोल: .................

(ङ) सम्पर्क नं: ..................................

(छ) अपाङ्गता भएको भए अपाङ्गता अवस्था (प्रकार र प्रतिशत सहित): ..................

(छ) लक्षित समूहको प्रकार:

आर्थिक/सामाजिक रुपले पछि परेको (जनजाति/महिला/जेहेन्दार)

दलित समुदाय

अपाङ्गता भएको

२. शैक्षिक विवरण:

(क) विपन्न तथा जेहेन्दार विधार्थीको लागि गरेको संस्थाको नाम:

..........................................................

(ख) ठेगाना: ..........................................................................................

(ग) अध्ययन गरेको तह ( +२ / डिप्लोमा /स्नातक/स्नातकोत्तर/आदि): ..........वर्ष/सेमेस्टर: .............

(घ) संकाय/विषय: ......................................................................................

(ङ) अध्ययन शुल्क: रु. ...................... (अक्षरेपी: ..........................................)

(च) विद्यार्थी परिचयपत्र नं: ......................

(छ) सम्बन्धित संस्थाको सिफारिस पत्रको मिति: ..........

३. आवश्यक कागजातको विवरण (संलग्न गर्ने):

(क) नागरिकताको प्रतिलिपि / वडा सिफारिस

(ख) शैक्षिक प्रमाणपत्र
(ग) माथिल्लो तहको भर्ना प्रमाण पत्र
(घ) विद्यार्थी परिचयपत्रको प्रतिलिपि
(ङ) अघिल्लो वर्ष/सेमेस्टरको मार्कसिट
(च) वडा कार्यालयको आर्थिक/सामाजिक रुपले पछि परेको सिफारिस
(छ) अपाङ्गता परिचयपत्रको प्रतिलिपि
(ज) अन्य (कृपया उल्लेख गर्नुहोस्): ......................................................................
४. निवेदन तथा सपथ सिफारिस:

म आर्थिक रूपमा विपन्न तथा विपन्न तथा जेहेन्दार विधार्थीको लागि गरिरहेको विद्यार्थी भएकाले छात्रवृत्ति उपलब्ध गराइदिन अनुरोध गर्दछु। म स्वयंले यस फाराममा उल्लेखित विवरणहरू साँचो रहेको र यसअघि कुनै सरकारी वा निजी निकायबाट छात्रवृत्ति प्राप्त नगरेको व्यहोराको जानकारीका साथ अनुरोध गर्दछु।

आवेदकको हस्ताक्षर: ...............................
मिति: .......................

सम्बन्धित शिक्षण संस्थाको सिफारिस:
(यो प्रमाणित गरिन्छ कि निज विद्यार्थी यस संस्थामा नियमित रुपमा अध्ययनरत छ। )

प्रमुख/प्रतिनिधिको नाम, हस्ताक्षर र मिति: ..............................................................
संस्थाको छाप:
सम्बन्धित वडा कार्यालयको सिफारिस:
(यो प्रमाणित गरिन्छ कि निज विद्यार्थी स्थायी बसोबास भएको र लक्षित समूह अन्तर्गत पर्दछ।
वडा अध्यक्ष/सचिवको हस्ताक्षर र मिति: ..................................................
वडा कार्यालयको छाप:

(यस पछि गाउँपालिका कार्यालयले भर्ने)
आवेदन प्राप्त मिति: ................... दर्ता नं: ...................

गाउँ कार्यपालिकाको निर्णय मिति: ................... स्वीकृत रकम: रु. ...................

भुक्तानी मिति: ................... चेक/भुक्तानी विवरण: ................................

शाखा प्रमुखको हस्ताक्षर: ................... प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर: ...................